# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, चैत ३० गते २०४८ साल (अतिरिक्ताङ्क ७३ (क+१)

## भाग ३

### निर्वाचन आयोगको
### सूचना १

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा १० को प्रयोजनको लागि निर्वाचन आयोगले २०४९ सालमा हुने नेपाल अधिराज्यका ७५ जिल्ला अन्तर्गतका ३,९९६ गाउँ विकास समितिहरूका अध्यक्ष, उपाध्यक्ष र सदस्य तथा ३६ नगरपालिकाहरूका प्रमुख, उपप्रमुख र सदस्यहरूको निर्वाचनमा मतदान गर्न उमेर पुग्ने मिति २०४८ साल चैत्र मसान्त तोकेकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ९ को उपदफा (१) र (२) को प्रयोजनकोलागि निर्वाचन आयोगले २०४९ सालमा हुने नेपाल अधिराज्यका ७५ जिल्ला अन्तर्गतका सबै गाउँ विकास समिति वा नगरपालिकाहरूको निर्वाचनकोलागि २०४८ साल चैत्र मसान्त सम्ममा कम्तिमा एक वर्ष बसोवास गरेको हुनुपर्ने गरी तोकेको छ ।

## सूचना ३

२०४९ सालमा हुने नेपाल अधिराज्यका ७५ जिल्ला अन्तर्गतका गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरूको निर्वाचनकोलागि स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले प्रत्येक जिल्लामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई निर्वाचन अधिकृत नियुक्त गरेकोछ।

## सूचना ४

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ६९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले २०४९ सालमा हुने नेपाल अधिराज्यका ७५ जिल्ला अन्तर्गतका सबै गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरूको निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद देहाय बमोजिम तोकेकोछ ।

| | |
|---|---|
| १. गाउँ विकास समितिको अध्यक्ष र उपाध्यक्षको लागि | रू. १०,०००।- |
| २. गाउँ विकास समितिको सदस्यकोलागि | रू. २,०००।- |
| ३. नगरपालिकाको प्रमुख र उपप्रमुखको लागि | रू. २५,०००।- |
| ४. नगरपालिकाको सदस्यकोलागि | रू. १०,०००।- |
| ५. जिल्ला विकास समितिको सभापति र उपसभापतिकोलागि | रू. २५,०००।- |
| ६. जिल्ला विकास समितिको सदस्यकोलागि | रू. १०,०००।- |





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा २७ को उपदफा (३) को प्रयोजनकोलागि निर्वाचन आयोगले २०४९ सालमा हुने नेपाल अधिराज्यका ७५ जिल्ला अन्तर्गतका सबै गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समितिहरूको निर्वाचनको निमित्त स्वतन्त्र उम्मेदवारहरूको लागि देहाय बमोजिमका निर्वाचन चिन्हहरूको समूह निर्धारण गरेकोछ ।

गाउँ विकास समिति

| अध्यक्ष | | उपाध्यक्ष | | सदस्य | |
|---|---|---|---|---|---|
| पुतली |  | सावेल |  | काइयो |  |
| लालटेन |  | कोट |  | गमला |  |
| कुखराको भाले |  | ओदान |  | कराही |  |
| भ-याङ्ग |  | कलम |  | घर |  |
| औंठी |  | मुजुर |  | मकैको घोगा |  |
| डोको |  | बाकस |  | गिलास |  |

द्रष्टव्य

उपरोक्त निर्वाचन चिन्हहरू नपुग हुन आएमा देहाय बमोजिमका निर्वाचन चिन्हहरू पनि प्रयोग गर्न सकिन्नेछ ।

गाउँ विकास समिति

| अध्यक्ष | | उपाध्यक्ष | | सदस्य | |
|---|---|---|---|---|---|
| गुलाबको फूल |  | शिशी |  | जाँतो |  |
| ढिकी |  | स्वेटर |  | चरा |  |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरपालिका

| प्रमुख | उपप्रमुख | सदस्य |
|---|---|---|
| साइकल | हवाइ जहाज | कुचो |
| रेडियो | लुगा सिउने कल | सलाई |
| चश्मा | घण्ट | मन्दिर |
| कुर्सि | जग | पानस |
| किताब | बिजुलीको चीम | पाल |
| टेलीफोन | मोटर साइकल | बिजुलीको पंखा |
| बस | भकुण्डो | तबला |
| रथ | हाँस | खल |
| चङ्गा | कैंची | आँप |
| आलमारी | टेबुल | थाल |

जिल्ला विकास समिति

| सभापति | उपसभापति | सदस्य |
|---|---|---|
| कलश | इनार | दमाहा |
| जरायो | खरायो | खाट |
| डमरु | लठ्ठी | हुक्का |
| शंख | मुकुन्दा | सिपाही |
| तारा | फूलको गुच्छा | ढोका |
| कार | माला | लोहोटा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9832

# सूचना ६

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ३२ को उपदफा (१) को प्रयोजनकोलागि निर्वाचन आयोगले २०४९ सालमा हुने नेपाल अधिराज्यका ७५ जिल्ला अन्तर्गतका सबै गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरुको निर्वाचनको लागि देहाय बमोजिमको मतपत्र तोकेकोछ :-






आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


नगर पालिका निर्वाचन-२०४९

मतदाताको सहिछाप

नं.पा. ..........
वडा नं. .........
मतदाताको क्र.सं. ..........

नगर पालिका निर्वाचन – २०४९

| मतपत्र १ प्रमुख | मतपत्र २ उपप्रमुख | मतपत्र ३ सदस्य |
| --- | --- | --- |



मतदान अधिकृतको सही



9६३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।


जिल्ला विकास समिति निर्वाचन-२०४९

मतदाताको सहिछाप

जि. वि. स. ..........
इलाका नं. .......
मतदाताको क्र.सं. ..........

जिल्ला विकास समिति निर्वाचन-२०४९

| मतपत्र १ सभापति | मतपत्र २ उप-सभापति | मतपत्र ३ सदस्य |
|---|---|---|



मतदान अधिकृतको सही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ३६ को उपदफा (२) को प्रयोजनकोलागि निर्वाचन आयोगले २०४९ सालमा हुने नेपाल अधिराज्यका ७५ जिल्ला अन्तर्गतका सबै गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समितिहरूको निर्वाचनमा मतदाताले मतपत्रमा स्वस्तिक 卐 चिन्हको छाप लगाई मतदान गर्नुपर्ने गरी तोकेकोछ ।

आज्ञाले,
टेक बहादुर थापा
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।